# 3 Financial Institution

## Overview of Nepalese Financial Institution

### बैंक सम्वन्धि (Bank Related)

नेपालको औपचारिक बैंकिङ इतिहासले ८५ वर्षको अनुभव बटुलेको छ । नेपालमा स्थापना भएको पहिलो बैंक नेपाल बैंक लिमिटेड हो । यो विक्रम संवत् १९९४ साल कात्तिक ३० गते स्थापना भएको हो । योबैंक सरकारको मुख्य लगानीमा निजी क्षेत्र समेतको सहभागितामा स्थापना भएको थियो । २०१३ सालमा केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भयो । यस बैंक मार्फत नेपाली मुद्रा चलनचल्तीमा ल्याउने तथा नेपालमा बैंकिङ प्रथाको विकास गर्ने महत्त्वपूर्ण प्रयास हुँदै गए । यसै क्रममा वि.सं. २०१६ सालमा नेपाल औद्योगिक विकास निगम, २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक, २०२४ सालमा कृषि विकास बैंकको स्थापना हुँदै २०४१ सालमा पहिलो पटक विदेशी बैंकको संयुक्त लगानीमा तत्कालीन नेपाल अरब बैंक लिमिटेड (हालको नविल बैंक लि.) को स्थापना भएपछि बैंकिग प्रणालीको विकासमा नयाँ अध्यायको सुरु भयो ।

### नेपाल राष्ट्र बैंकः अवधारणा, कार्य र महत्व (Cetral Bank:Concept, Function and Importane)

मुलुकको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक तत्कालीन राष्ट्र बैंक ऐन, २०१२ अनुसार २०१३ साल वैशाख १४ गते स्थापना भएको हो । नेपाल राष्ट्र बैंक मुलुकको केन्द्रीय बैंक भएकाले यसले मूलतः मुलुकको मौद्रिक प्रणालीलाई सञ्चालन र नियमन गर्दछ । यसैले केन्द्रीय बैंकलाई मौद्रिक अधिकारी र नियामक संस्था पनि भन्ने गरिएको छ । नेपाल राष्ट्र बैंकले नेपाली मुद्राको व्यवस्थापन गर्ने, मौद्रिक नीतिको सञ्चालन गर्ने, सरकारको बैंक तथा बैंकहरूको बैंकका रूपमा भूमिका निर्वाह गर्ने गर्दछ । हरेक मुलुकमा एउटा मात्र केन्द्रीय बैंक रहन्छ । यसको अर्थ कुनै पनि मुलुकको मौद्रिक प्रणाली एकै खालको हुने गर्दछ । नेपाल राष्ट्र बैंक नेपालको वित्तीय प्रणालीको नियामक तथा सुपरिवेक्षकीय निकाय हो । नेपाल राष्ट्र बैंक स्थापना हुनुभन्दा अघि २००२ मा सदर मुलुकी खानावाट नेपाली नोटको निष्कासन गरिएको थियो ।

- नेपाल राष्ट्र बैंकका गर्भनरको पदावधि ५ (पांच) वर्षको हुन्छ ।
- नेपालमा पहिलो पटक मुद्रा निष्कासन राजा त्रिभुवन र प्रधानमन्त्री जुद्ध शमसेरको पाला देखि वि.स. २००२ असौज १ वाट भएको हो भने नेपाल राष्ट्र बैंकले वि.स. २०१६ देखि मुद्रा निस्कासन गर्न थालेको हो ।

नेपालमा हालसम्म प्रकासित नोटहरु ( **११ दरका नोटहरु**)

| नोट | मिति |
|---|---|
| रु.५,१०,१०० | २००२ असोज १ |
| १ | २००९ |
| १००० | २०२६ बैशाख १४ |
| ५०० | २०२७ जेठ ३० |
| ५० | २०३४ बैशाख १४ |
| २ | २०३८ बैशाख १४ |
| २० | २०३९ कार्तिक २२ |
| २५० | २०५२ चैत्र |
| २५ | २०५२ चैत्र |
| १० को पोलिमर नोट | २०५९ असोज |



S.S.ACADEMY

**नेपाल राष्ट्र बैकका कार्यहरु (देशको मौद्रिक नीति जारी गर्ने)**

**क) परम्परागत कार्य**

१. नोट निष्कासन गर्नु
२. नेपाल सरकारको बैंक तथा आर्थिक सल्लाहकार,
३. बैकहरुको बैंक,
४. विदेशी विनिमय निर्धारण,
५. कर्जा नियन्त्रण,
६. समाशोधन गृह,
७. अन्तीम ऋण दाताको रुपमा कार्य गर्ने ।

**ख) विकासात्मक कार्य**

१. बैंकिङ्ग प्रथाको विकास,
२. सधन बैकिङ्ग कार्यक्रम,
३. विभिन्न परियोजनाको सञ्चालन,
४. अनुगमन र सुपरिवेक्षण ,
५. वित्तिय तथा गैह्र वित्तिय आधारशीला निर्माण,
६. प्रशिक्षण केन्द्रको व्यवस्था,
७. आर्थिक अनुसन्धान र सर्वेक्षण,
८. सरकारलाई आवश्यक वित्तीय सुचना तथा अन्य विशेषज्ञ सेवा उपलब्ध गराउनु ।

नेपाल राष्ट्र बैक ऐन २०५८ अनुसार

बैङ्कको उद्देश्य : बैङ्कको उद्देश्य देहाय बमोजिम हुनेछः-

१. अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सो को व्यवस्थापन गर्ने,
२. बैङ्किग तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने,
३. सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,
४. बैङ्किग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्ने, र
५. नेपाल अधिराज्यको समग्र बैङ्किग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने ।

**नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकार :**

१. बैङ्क नोट तथा सिक्का निष्काशन गर्ने,
२. मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,
३. विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,
४. विनिमय दर पद्धति निर्धारण गर्ने,
५. विदेशी विनिमय संचितिको व्यवस्थापन र सञ्चालन गर्ने,
६. बाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बैङ्किग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,
७. नेपाल सरकारको बैङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,
८. बाणिज्य बैङ्क तथा वित्तीय संस्थाको बैङ्क तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,
९. भुक्तानी, फछ्र्यौट (क्लियरिग ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रबर्द्धन गरी सो कार्यलाई नियमित गर्ने,

**सञ्चालक समितिको गठन** : बैङ्कमा देहायका सदस्य भएको एउटा सञ्चालक समिति हुनेछ :-

(क) गभर्नर -अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय -सदस्य

S.S.ACADEMY

(ग) दुईजना डेपुटी गभर्नर -सदस्य
(घ) आर्थिक, मौद्रिक, बैङ्किग, वित्तीय, तथा बाणिज्य कानूनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेका तीनजना सञ्चालक -सदस्य
सञ्चालक समितिको कार्यकाल ५ वर्षको हुन्छ ।

| . | Name of Governor | Term of office |
|---|---|---|
| 1. | Mr. Himalaya Shumsher J.B. Rana | April 26, 1956 – February 7, 1961 |
| 2. | Mr. Laxmi Nath Gautam | February 8, l961 – June 17, l965 |
| 3. | Mr. Pradyuma Lal Rajbhandari | June l8, l965 – August 13, l966 |
| 4. | Dr. Bhekh Bahadur Thapa | August 14, l966 – July 26, l967 |
| 5. | Dr. Yadav Prasad Pant | April 24, l968 – April 28, l973 |
| 6. | Mr. Kul Shekhar Sharma | April 29, l973 – December 12, l978 |
| 7. | Mr. Kalyana Bikram Adhikary | June 13, l979 – December 8, l984 |
| 8. | Mr. Ganesh Bahadur Thapa | March 25, l985 – May 22, l990 |
| 9. | Mr. Hari Shankar Tripathi | August 10, l990 – January 17, l995 |
| 10. | Mr. Satyendra Pyara Shrestha | January l8, l995 – January l7, 2000 |
| 11. | Dr. Tilak Bahadur Rawal | January l8, 2000 - January l7, 2005 |
| 12. | Mr. Deependra Purush Dhakal | August 29, 2000 – April 27, 2001 |
| 13. | Mr. Bijaya Nath Bhattarai | January 31, 2005 –January 30, 2010 |
| 14. | Mr. Deependra Bahadur Kshetry | January 15, 2009 – July 26, 2009 |
| 15. | Dr. Yuba Raj Khatiwada | March 22, 2010 - March 19, 2015 |
| 16. | Dr. Chiranjibi Nepal | March 19, 2015 - March 18, 2020 |
| 17 | Mr. Maha Prasad Adhikari | April 6, 2020 - Present |

***सञ्चालकको कार्यकाल : (१) गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको कार्यकाल पाँच वर्षको हुनेछ ।***
***नेपाल राष्ट्र बैंकका गर्भनरले प्रधान न्यायधिस समक्ष सपथ लिने व्यवस्था रहेको छ ।***

**नेपाल राष्ट्र बैंकको महत्व**

- देशको मौद्रिक नीतिको तर्जुमा गर्न,
- बैकिङ्ग प्रणालीको विकास र विस्तार गर्न,
- विदेशी विनिमय नीतिलाई व्यवस्थित गर्न,
- सरकारको बैंकको रुपमा कार्य गर्दै सरकारको आर्थिक सल्लहाकारको रुपमा कार्यगर्न,
- बैक तथा बित्तीय संस्थाको अनुगमन, सुपरिवेक्षण गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन,
- साख नियन्त्रण गर्न,
- ग्रामिण बैंकीङ्ग पद्दतिलाई विकास गर्न,
- बैंक तथा वित्तीय संस्थाको स्थापना गर्न,
- मूल्य र शोधानान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायीत्व कायम गर्न,
- कर्जा व्यवस्थापन ।

**वाणिज्य बैक : अवधारण, कार्य र महत्व**

"क" वर्गको वित्तीय संस्थाहरुलाई वाणिज्य बैंक भनिन्छ । नेपालमा वाणिज्य बैंक स्थापना गर्न **कम्तीमा ८ अरब चुक्ता** पूँजी कायम हुनुपर्छ । क वर्गका बैंकले सर्वसाधारणको निक्षेप स्वीकार गर्ने, बैकिंग कर्जा उपलब्ध गराउने, सम्पूर्ण विधुतीय र बैंकीग उपकरण जारी गर्ने, बैदेशिक व्यापारमा सहजीकरण गर्ने आदि सुविधा दिदै आएको देखिन्छ ।
नेपालमा बैक स्थापनाको सुरुवात १९९४ कार्तिक ३० मा नेपाल बैंकवाट भएको देखिन्छ । भने राष्ट्रिय वाणिज्य बैंकको स्थापना २०२२ माघ १० मा भएको थियो भने वैदेशिक लगानीको बैंक नेपाल अरब बैकको स्थापना July 12, 1984 मा भएको थियो भने हाल २१ वटा वाणिज्य बैंकहरु रहेका छन् ।



S.S.ACADEMY

बैंक वा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ४९, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही **"क" वर्गको** बैंकले देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्ने व्यवस्था छ । :-

१. ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,
२. विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,
३. हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,
४. परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,
५. विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,
६. आफू कहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,
७. आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोबार गर्ने,
८. आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
९. परियोजनाको प्रबर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,
१०. प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,
११. पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,
१२. प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,
१३. विद्युतीय कारोबारका लागि डिजिटल वा कार्ड लगायतका वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,
१४. प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,
१५. राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशन बमोजिम सरकारी कारोबार गर्ने,
१६. नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद-बिक्री गर्ने वा सकार गर्ने,
१७. नेपालभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने र सो को भुक्तानी गर्ने,
१८. ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद- बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,
१९. वासलात बाहिरको कारोबार गर्ने,
२०. विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,
२१. आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,
२२. सुन, चाँदी खरिद-बिक्री गर्ने,
२३. परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

S.S.ACADEMY

२४. यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने, (म) प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,

२५. राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

**वाणिज्य बैंकको महत्व**

- पूँजि निर्माणको लागि बचतको परिचालन,
- उधोग, व्यापार तथा कृषि क्षेत्रमा कर्जा प्रदान गर्न,
- मौद्रिक नीतिको परिचालनमा सहयोग ।,
- आर्थिक शोषणबाट जनतालाई मुक्ती दिलाउन
- उद्योगधन्दा एबम ब्यापारको बिकास गर्न
- आर्थिक बिकास गर्न
- बहुमुल्य बस्तु एबम धनको सुरक्षा प्रदान गर्न
- कोषको स्थानान्तरण गर्न
- रोजगार एबम सीपमुलक ब्यवसायको सृजना गर्न
- बचत गर्ने बानिको बिकास गर्न
- अर्थ ब्यबस्थाको मौद्रिकीकरण गर्न
- कृषि एवं पिछडिएको क्षेत्रको बिकास गर्न
- समग्र रुपमा आर्थिक सन्तुलन कायम गर्न
- बिदेशी मुद्राको बिनियम एबम नियन्त्रण गर्न
- मुद्राको ब्यबस्थापन एबं कर्जामा नियन्त्रण र मुल्यमा स्थिरता कायम गर्न

**विकास बैक : अवधारणा, कार्य र महत्व**

एक करोडको अधिकृत पूँजी र ६८ लाखको चुक्ता पुँजिबाट शुरुवात भएको नेपाल विकास कर्पोरेसन नेपालको पहिलो विकास बैककौ रुपमा रहेको देखिन्छ । २०१९ मा सहकारी बैंकको स्थापना, २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंकको स्थापना, वि.स. २०२४ सालमा कृषि विकास बैकको स्थापना, भएको देखिन्छ । हाल नेपालमा विकास बैकको संख्या १७ वटा रहेको देखिन्छ । ग वर्गका १७ र घ वर्गका ६८ वटा वित्तीय संस्था रहेका छन् ।

राष्ट्रिय स्तरका विकास बैंकहरुले २ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने । ४ देखि १० जिल्ला कार्यक्षेत्र भएको विकास बैंकहरुको चुक्ता पुँजी १ अर्ब २० करोड रुपैयाँ चुक्ता पुँजी पुर्याउनुपर्ने व्यवस्था लागु भएको छ ।

**बैक तथा वित्तिय संस्था सम्वन्धी ऐन,२०७३, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा ख वर्गका बैकले देहाय बमोजिमको अन्य बैंकिङ्ग तथा वित्तीय कारोबार समेत गर्न सक्नेछ :-**

१. ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,
२. विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,
३. हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,
४. आफू कहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहि सकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,
५. आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
६. परियोजनाको प्रबर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,
७. प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,
८. पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,

S.S.ACADEMY

९. प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

१०. नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद-बिक्री गर्ने वा सकार गर्ने,

११. ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद- बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

१२. वासलात बाहिरको कारोबार गर्ने,

१३. विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,

१४. आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

१५. यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने,

१६. प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,

१७. परियोजना धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

१८. आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

१९. विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद-बिक्री गर्ने,

२०. आफ्नो चल अचल सम्पत्ति धितो राखी कर्जा लिने,

२१. राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रतीतपत्र र विप्रेषणको कारोबार गर्ने,

२२. ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयर, डिबेञ्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाइदिने, सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

२३. नेपालभित्र रकम स्थानान्तरण सम्बन्धी काम गर्ने,

२४. परियोजना स्थापना, सञ्चालन र बैंकिङ्ग, लेखा, सम्पत्ति, कर्जा मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य सेवा प्रदान गर्ने तथा जानकारी उपलब्ध गराउने,

२५. राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

**नेपालमा विकास बैंकको महत्व**

- विकासात्मक क्रियाकवलापलाई पुँजी व्यवस्थापन गर्न,
- लगानीको उपयुक्त वातावरण तयार गर्न,
- विभिन्न एजेन्सी सम्वन्धी कार्य गर्न,
- बैकिंग प्रणालीमा प्रतिस्पर्धाको वातावरण श्रृजना गर्न,
- परियोजना स्थापना, सञ्चालन र बैंकिङ्ग, लेखा, सम्पत्ति, कर्जा मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्न,
- रकम स्थानान्तरण सम्बन्धी काम गर्न,
- विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा कर्जा प्रदान गर्न,
- ग्रामिण बैंकीग प्रणालीको विकास विस्तार गर्न ।

**नेपालमा विमा कम्पनी**

**बीमाको परिचय :** बीमा भनेको मानव जीवनमा आइपर्ने विभिन्न किसिमका जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने उपकरणहरू मध्येको एक महत्वपूर्ण उपकरण हो । अर्थात्अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने माध्यम बीमा हो । बीमा गर्दा बीमा गरिएको बस्तुमा हुने जोखिमको क्षतिपूर्तिको भाग बीमितवाट बीमा कम्पनीमा सार्ने काम गरिन्छ । बीमा गरिए पश्चात् बीमा

S.S.ACADEMY

गरिएको वस्तुमा तोकिएको जोखिमवाट हानी-नोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको मूल्याङ्कनबाट तोकिएको हदबाट नबढ्ने गरी बीमा कम्पनीले क्षती वापतको क्षतिपूर्ति रकम बीमितलाई व्यहोर्ने गर्दछन् ।

**बीमाका प्रकार :** सामान्यतया बीमा तीन प्रकारका हुन्छन्, जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा ।

(क) जीवन बीमा : जीवन बीमा भनेको मानिसको जीवनसँग सम्बन्धित हुन्छ । जीवन बीमा गरेपछि बीमाको अवधि समाप्त भएपछि बोनस सहित एकमुष्ठ रकम पाइन्छ । बीमा अवधिमा कथम्कदाचित् बीमितिको मृत्यु भएमा निजको अधिकारप्राप्त हकवालाले बीमा रकम प्राप्त गर्दछन् । जीवन बीमा अन्तर्गत आजीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा पर्दछन्।

(ख) निर्जीवन बीमा : निर्जीवन बीमा भनेको सम्पत्तिमा हुने विभिन्न प्रकारको भवितव्य तथा दुर्घटनाबाट सिर्जित आर्थिक क्षतिको रक्षावरण गर्ने माध्यम हो । निर्जीवन बीमा अन्तर्गत अग्नी बीमा, मोटर बीमा, इञ्जिनीयरिङ्ग बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा र विविध बीमा पर्दछन्।

**(ग) पुनर्बीमा :** बीमा कम्पनीहरूले पुनः अर्को कम्पनीसँग गर्ने बीमालाई पुनर्बीमा भनिन्छ

- नेपालमा हाल जीवन बीमा कम्पनीको संख्या १९
- निर्जीवन बीमा कम्पनी २० र
- पुर्नबीमा कम्पनी २ वटा रहेका छन् ।

## बीमा समिति

२०२४ साल पुस १ गते १ करोडको अधिकत्तम पूँजीमा राष्ट्रिय बीमा संस्थान प्रालिको स्थापना भयो । २०२५ सालमा राष्ट्रिय बीमा संस्थान ऐन जारी गरी यसलाई राष्ट्रिय बीमा संस्थानमा परिवर्तन गरियो । नेपालमा बीमा कम्पनीहरु स्थापना हुन थालेपछि २०२५ सालमा बीमा ऐन जारी गरियो । बीमा नियमावली अनुसार २०२६ साल जेठमा बीमा समितिको स्थापना भयो । नेपालको बीमा क्षेत्रको नियमनकारी आधिकारिक निकाय हो, बीमा ऐन, २०४९ अनूसार नेपाल राज्य भित्र बीमा ब्यवसायलाई ब्यवस्थित, विकसित, नियमित र नियन्त्रित गर्नका लागि बीमा समितिको स्थापना भएको हो। नेपाल राज्य भित्रका बीमा तथा सो सम्बन्धि गतिविधिलाई यस समितिले नियमनकारी संस्थाको हैसियतले निगरानी राख्दछ। यस संस्थाको मूल उद्देश्य विकसित, स्वस्थ र पेशागत बीमा बजारको विकास गर्नु हो।

राष्ट्रिय बीमा संस्थान संक्षिप्त जानकारीः

स्थापनाः पौष १, २०२४ मा प्राइभेट कम्पनीको रुपमा स्थापना भई पौष १, २०२५ मा राष्ट्रिय बीमा संस्थान ऐन २०२५ अनुसार संस्थानमा परिणत ।

उद्देश्यः देशको आर्थिक विकासको लागि आन्तरिक साधन र पूँजीको परिचालन गर्नु तथा विदेशी मुद्राको व्ययभार रोक्नु ।

कारोबार सुरुः फाल्गुण ११, २०२४ बाट निर्जीवन बीमा तथा फाल्गुण ७, २०२९ बाट जीवनबीमा व्यवसायको कारोबार शुरु ।

**कर्मचारी संचय कोष**

Karmachari Sanchaya Kosh (KSK), Employees Provident Fund (EPF) in English, established under Employees Provident Fund Act, 2019. We manage Provident Fund (PF) in Nepal on behalf of the Government of Nepal (GoN) for government, public enterprises and private sector employees. We have been entrusted to manage Contributory Pension Scheme for the employees of Federal GoN and other public sector employees to be appointed from Fiscal Year 2076/77 as per the Pension Fund Act, 2075. Our relationship with GoN is routed through Ministry of Finance.

# Our History

History of Provident Fund (PF), in Nepal, dates back to 1934 AD when the PF scheme came into existence for army personnel formally as named Sainik Drabya Kosh (Army Provident Fund). The scheme operation was intended to remove immediate financial destitution to the army personnel on their retirement. Under the scheme, the army staff members were required to contribute certain

percentage of monthly salary to their PF account repayable after retirement. A decade later in 1944, similar scheme was also initiated for civil service employees working at Kathmandu valley (the capital city of the country) named as Nijamati (Civil) Provident Fund. In the year 1948 the coverage of the scheme was extended to all the civil servants working throughout the country. In 1959, Employees Provident Fund Department was formed under the Ministry of Finance and Economic Affairs of GoN to manage both Sainik Drabya Kosh and Nijamati Provident Fund and the coverage was also extended to police service.

Three years after the establishment of Employees Provident Fund Department, "Employees Provident Fund Act, 1962" was enacted and accordingly EPF, as an autonomous body to manage provident fund, was formally incorporated on 16th September 1962 (BS 2019 Bhadra 31).

- कर्मचारी संचयकोष सञ्चालक समिति ७ जनाको हुन्छ ।

Legal Framework

Employees Provident Fund (EPF) is established under "Karmachari Sanchaya Kosh Act, 2019" and reports to the Government of Nepal (GoN) through Ministry of Finance (MoF).

The Board of Directors as governing body of EPF form the top most level in the hierarchy of the organization structure. It is constituted of the following seven members:

- A Chairman appointed by GoN.
- Three Directors nominated by GoN from different government services.
- Two Directors nominated by GoN from banking, financial and corporate sectors.
- Administrator of EPF (CEO).
- An Officer of EPF appointed by the Board acts as a Secretary of the Board.

All Board Directors except the Administrator is nominated by GoN for a period of three years in a single term. They may be re-appointed for one more term.The primary responsibility of the Board is to formulate plans, programs, and policies; and to approve the annual budget, which are executed through the Administrator. The Administrator assumes overall responsibility of managing day-to-day activities of the EPF.

## नागरिक लगानी कोष

## परिचय

नेपाल सरकारको स्वामित्वमा नागरिक लगानी कोष ऐन २०४७ बमेजिम मिति २०४७ चैत्र ४ मा सार्वजनिक वित्तीय संस्थाको रुपमा स्थापना भएको स्वायत्त संस्था हो नागरिक लगानी कोष ।

It operates and manages various types of retirement schemes / programs as well as various unit schemes and mutual fund program for both domestic and foreign investors to encourage the people for saving in order to expand fund and increase the investment opportunities along with the dynamic development of the capital market to contribute economic development of the nation.

**कस्ता कस्ता व्यक्तिहरुले नागरिक लगानी कोषमा सहभागी हुन सक्दछन ?**

- कर्मचारी बचतवृद्धि स्वीकृत अवकाश कोष योजना (निजामती सेवा, शिक्षक सेवा, सुरक्षा निकाय लगायत सरकारी तथा गैरसरकारी संघ संस्थामा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार, तथा ज्यालादारी कर्मचारीहरु)
- निजामती बीमा कोष (स्थायी निजामती कर्मचारीहरु)
- शिक्षक बीमा कोष (सार्वजनिक विद्यालयका स्थायी शिक्षक कर्मचारीहरु)
- नेपाल प्रहरी बीमा (स्थायी नेपाल प्रहरी कर्मचारीहरु)
- नेपाली सेना बीमा कोष (स्थायी सैनिक कर्मचारीहरु)

- सशस्त्र प्रहरी बल बीमा कोष (स्थायी सशस्त्र प्रहरी बलका कर्मचारीहरु)
- नार्क बीमा कोष (नेपाल कृषि अनुसन्धान परिषदका कर्मचारीहरु)
- राष्ट्रिय अनुसन्धान विभाग ( राष्ट्रिय अनुसन्धान विभागका स्थायी कर्मचारीहरु)
- लगानीकर्ता हिसाब योजना (सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरू)
- उपदानकोष योजना (सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरू)
- नागरिक एंकाक योजना (सम्पूर्ण नेपाली नागरिकहरु)

**संचालक समितिमा ७ जना सदस्य रहने व्यवस्था छ ।**

**Major Functions**

Saving Mobilization

- Operate different kinds of retirement schemes:
    - Gratuity funds.
    - Nepal Government Employee’s Insurance funds.
    - Teacher’s Insurance funds.
    - Employees Saving Growth Retirement funds.
    - Pension Funds
- Operation various unit and mutual fund schemes to both domestic and foreign investors
- Operate Investor’s Account scheme.

Investment / Financing

- Invest in corporate shares, debentures and government securities.
- Provide term loan and bridge finances to corporate bodies.
- Provide credit for purchasing shares

Capital Market services

- Trustee Services
- Debenture Trustee services
- Escrow Agent services
- Custodian services
- Other Trustee services

- Corporate Finance Services:
- Public issue management
- Underwriting and syndication of underwriting public issue
- Market making of corporate and government securities.
- Consultancy services

**प्रतितपत्र : अर्थ उद्देश्य तथा महत्व**

प्रतित पत्र (Letter Of Credit)

- प्रतित पत्र भन्नाले खरिदकर्ता एवं विकेता विच भएको कारोबारमा भूक्तानीको माध्यम बनी रकम आदान प्रदान गर्ने कार्यमा सहयोग गर्न एक बैकद्धारा अर्को बैकलाई जारी गरिने पत्र नै प्रतित पत्र हो ।
- विशेष गरी बैदेशिक व्यापारमा प्रतित पत्रको प्रयोग बढि भएको पाइन्छ । एक देशको खरिद कर्ता एवं अर्को देशको विकेता विच कारोबार गर्नको लागि बैक मार्फत भूक्तानी गर्ने सशक्त एवं भरपर्दो माध्यम हो प्रतित पत्र ।
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार “प्रतीतपत्र” भन्नाले कुनै एक बैङ्क वा वित्तीय संस्थाले कुनै अर्को बैङ्क वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुण्डी वा विनिमयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।
- A letter of credit is a written commitment to pay, by a buyer's or importer's bank (called the issuing bank) to the seller's or exporter's bank (called the accepting bank, negotiating bank, or paying bank).

- A **letter of credit** is a document from a bank guaranteeing that a seller will receive payment in full as long as certain delivery conditions have been met. In the event that the buyer is unable to make payment on the purchase, the bank will cover the outstanding amount.(Wikipedia.org)

प्रतित पत्रमा निम्नानुसार ४ पक्ष समावेश भएका हुन्छन ती हुन् ।

- प्रस्तावक पक्ष (Applicant Party)
- निष्कासन पक्ष (Issuing Bank)
- फछ्यौट गर्ने बैंक (Negotiating Bank)
- लाभान्वित पक्ष (Beneficiary )

**प्रतितपत्रको महत्व**

**१. यो विश्वव्यापी मान्यता प्राप्त अर्न्तराष्ट्रिय वित्तिय कारोबार गर्ने माध्यम भएकोले यसको महत्व छ ।**
**२. यसले संलग्न सबै पक्षको आत्म विश्वास बढाउंछ ।**
**३. क्रेताले भनेकै समयमा सामान पाउने विक्रेताले समयमै रकम भूक्तानी पाउने भइ व्यापारीक कारोबारमा अभिवृद्धि,**
**४. कानुनी रुपमा बैधता प्राप्त हुन्छ कुनै अवस्थामा क्षतिहुन गएमा कानुनी उपचार पायने व्यवस्था भएको हुन्छ ।**
**५. अर्न्तराष्ट्रिय व्यापार पर्वद्धन**
**६. विना लगानी बैकलाई फाइदा हुने**

**प्रतितपत्रवाट मालसामान खरिद गर्दा देहायका पक्षहरुमा विचार गर्नुपर्दछ ।**

(क) प्रतितपत्रको माध्यमवाट मालसामान खरिद गर्दा सम्बन्धित बैकमा छुटै खाता खोल्नु पर्दछ ।
(ख) प्रतितपत्र खोल्नुपूर्व खरीदसम्बन्धी ठेक्कापट्टा प्रकृया पुरा गरी संझौता गर्नुपर्छ ।
(ग) ठेक्कापट्टामा उल्लेखित शर्तहरु प्रतितपत्रमा उल्लेख गर्नुपर्दछ ।
(घ प्रतितपत्रको माध्यमबाट खरीद गरिने सामानको Delivery site सम्म बीमा गरिनु पर्दछ ।
(ङ) मालसामान खरिद गर्दा भूक्तानी प्रक्रिया स्पष्टसंग प्रतितपत्रमा उल्लेख गर्नुपर्दछ ।
(च) प्राप्त मालसामानहरु भण्डार (Store) दाखिला गर्नुपर्छ ।
(छ) प्राप्त मालसामानको परिमाण तथा स्पेशिफिकेशनको प्राविधिक जाँचपास गरिनु पर्दछ ।
(ज) विदेशी मुद्रामा भएको खर्च नेपालीमुद्रामा लेखांकन गर्न प्रयोग गरेको विनियम दर ठिक छ/छैन ।
(झ) ठेक्काको शर्त पुरा भएपछि मात्र भुक्तानी आदेश बनाउनु पर्दछ ।
(ञ) विदेशी विनिमयमा भुक्तानी हुने गरी कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल भित्र प्रतीतपत्र खोली वा अन्य कुनै प्रकारले कुनै मालसामान पैठारी गर्दा बैङ्कले तोकिदिएको समयभित्र त्यस्तो मालसामानको पैठारी गरी बैङ्कले तोकिदिए बमोजिमको कागजात बैक समक्ष पेश गर्नु पर्दछ ।
(ट) बैकको पूर्व स्वीकृति लिएको अवस्थामा बाहेक पैठारीकर्ताले प्रतीतपत्रमा घोषणा गरेको मालसामान सोही प्रतीतपत्रमा उल्लेख गरेको मूल्य र परिमाण बमोजिम नै पैठारी गर्नु पर्दछ ।

***Elements of a Letter of Credit***

- A payment undertaking given by a bank (issuing bank)
- On behalf of a buyer (applicant)
- To pay a seller (beneficiary) for a given amount of money
- On presentation of specified documents representing the supply of goods
- Within specified time limits
- Documents must conform to terms and conditions set out in the letter of credit
- Documents to be presented at a specified place

***Step-by-step process:***

- Buyer and seller agree to conduct business. The seller wants a letter of credit to guarantee payment.
- Buyer applies to his bank for a letter of credit in favor of the seller.
- Buyer's bank approves the credit risk of the buyer, issues and forwards the credit to its correspondent bank (advising or confirming). The correspondent bank is usually located in the same geographical location as the seller (beneficiary).
- Advising bank will authenticate the credit and forward the original credit to the seller (beneficiary).

S.S.ACADEMY

- Seller (beneficiary) ships the goods, then verifies and develops the documentary requirements to support the letter of credit. Documentary requirements may vary greatly depending on the perceived risk involved in dealing with a particular company.
- Seller presents the required documents to the advising or confirming bank to be processed for payment.
- Advising or confirming bank examines the documents for compliance with the terms and conditions of the letter of credit.
- If the documents are correct, the advising or confirming bank will claim the funds by:
    - Debiting the account of the issuing bank.
    - Waiting until the issuing bank remits, after receiving the documents.
    - Reimburse on another bank as required in the credit.
- Advising or confirming bank will forward the documents to the issuing bank.
- Issuing bank will examine the documents for compliance. If they are in order, the issuing bank will debit the buyer's account.
- Issuing bank then forwards the documents to the buyer.

*Letters of credit accomplish their purpose by substituting the credit of the bank for that of the customer, for the purpose of facilitating trade. There are basically two types: commercial and standby. The commercial letter of credit is the primary payment mechanism for a transaction, whereas the standby letter of credit is a secondary payment mechanism.*

## What are INCOTERMS?

INCOTERMS (International Commercial Terms) are an internationally recognised set of trade term definitions developed by the International Chamber of Commerce (ICC). The terms define the trade contract responsibilities and liabilities between a buyer and a seller. They cover who is responsible for paying freight costs, insuring goods in transit and covering any import/export duties, for example. They are invaluable as, once importer and exporter have agreed on an INCOTERM, they can trade without discussing responsibilities for the costs and risks covered by the term.

## Commonly used INCOTERMS

**EXW - Ex Works :** The seller makes the goods available at his or her premises. The buyer is responsible for uploading. This applies to any mode of transport, but should only be used for domestic transactions, because the seller has only to 'provide the buyer'... assistance in obtaining any export licence, or other official authorisation. The seller also has no obligation to load the goods. In addition the buyer has limited obligations to provide the seller with proof of export. For international trade, FCA, below, is more appropriate.

**FCA - Free Carrier:** The seller must 'deliver the goods to the carrier ... nominated by the buyer ... at the named place'. This term is suited for international sales with minimum obligations for the seller. Its advantage over EXW is that the seller is responsible for any export licensing and Customs export clearance, which eases the problem of proof of export, and the seller must load the goods (which is usually the case).

**CPT Carriage Paid To:** (… named place of destination). The seller pays for carriage. This term is used for all kinds of shipments. Risk is transferred from the seller to the buyer upon handing over of the goods to the first carrier at the place of shipment in the country of export.

**CIP - Carriage and Insurance Paid:** (...named place of destination) - any mode of transport. The seller must 'deliver to the first carrier at the named place'. It's strongly recommended that the parties define the place of delivery (in the seller's country) as well as the place of destination (in the buyer's country) due to the fact that risk passes to the buyer at the named place of delivery in the seller's country.

'When CPT or CIP terms are used, the seller fulfils their obligation to deliver when it hands the goods over to the carrier, and not when the goods reach the place of destination.' So these are ' shipment contracts' not ' arrival contracts'. Therefore, it is strongly recommended that the place of delivery, in the seller's country, is identified as precisely as possible in the contract.

**DAT - Delivered at Terminal** (...named terminal at destination). The seller pays for carriage to a nominated 'terminal' or 'point', except for costs related to import clearance. The seller also assumes all risks up to the point that the goods are unloaded at the terminal.
DAP would be inappropriate in these circumstances as the seller has only to place the goods 'ready for unloading'.
**DAP - Delivered At Place:** (...named place of destination). This is appropriate to both domestic and international sales.
The seller delivers when 'the goods are placed at the disposal of the buyer ready for unloading by the buyer ... at the named place'. All import Customs formalities and costs are the responsibility of the buyer.
**DDP - Delivered Duty Paid:** (...named place of destination). This applies to any mode of transport. The seller must deliver the goods to the buyer, cleared for import, and not unloaded at the named place of destination.
Maritime-only terms - These are only used for conventional sea or inland waterway transport.

- **FAS** - Free Alongside Ship (...named port of shipment). If the goods are containerised, use the FCA term.
- **FOB** - Free On Board (...named port of shipment). The seller must deliver the goods by 'placing them on board the vessel ... at the loading point'. The FCA term should be used where the goods are handed over to the carrier before they are on board the vessel – goods in containers, for example.
- **CFR** - Cost and Freight (...named port of destination).
- **CIF** - Cost Insurance and Freight (...named port of destination).

The seller must deliver the goods by 'placing them on board the vessel'. Where the goods are handed over to the carrier before they are on board the vessel – goods in containers, for example, the CPT or CIP term should be used.
When CFR or CIF terms are used, the seller fulfils its obligation to deliver when it hands the goods over to the carrier and not when the goods reach the place of destination. So it's important that the port of shipment is identified as precisely as possible in the contract.